**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

२०७९/०८० सालको निर्णय नं. ३१९

पुनरावेदन नं. ०७९-**RB**-००२२

पुनरावेदन दर्ता मितिः २०७९।०४।३१

**मुद्दाः-स्रोत नखुलेको नेपाली नगद रूपैयाँ चोरी पैठारी ।**

| | |
|---|---|
| जिल्ला धनुषा मुखियापाटि मुसहरनिया गाउँपालिका वडा नं.१ घर भई महोत्तरी जिल्ला मटिहानी न.पा.वडा नं.८ मा पसल सञ्चालन गरी बस्ने वर्ष ३८ को सञ्जय साह भन्ने संजय कुमार साह......................................................................१ | पुनरावेदक प्रतिवादी |

**विरुद्ध**

| | |
|---|---|
| जलेश्वर भन्सार कार्यालयका अनुसन्धान अधिकृत डिल्लीराम सुवेदीको अनुसन्धान प्रतिवेदनले नेपाल सरकार......................................................................१ | प्रत्यर्थी वादी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- जलेश्वर भन्सार कार्यालय, महोत्तरी

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख भन्सार अधिकृत श्री अमित पौडेल

शुरु कार्यालयको निर्णय मितिः-२०७९।०३।३१

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान वरिष्ठ अधिवक्ता श्री शम्भु थापा र

विद्वान अधिबक्ता श्री शिव प्रसाद कोइराला

प्रत्यर्थी कार्यालयका तर्फबाट : विद्धान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**<u>अवलम्वित नजीरः ×</u>**

जलेश्वर भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृतबाट भएको मिति २०७९।०३।३१ को निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र दफा ९(४) तथा भन्सार ऐन, २०६४ को दफा ६२(१) बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको भई पुनरावेदन दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

**<u>तथ्य खण्ड</u>**

१. जिल्ला प्रहरी कार्यालय महोत्तरीबाट खटिई गएको प्रहरी टोलीले जिल्ला जलेश्वर मटीहानी न.पा.वडा नं.८ स्थित पूर्वमा बब्लु साहको आप बगैंचा, पश्चिममा श्री नारायण मण्डलको कच्ची घर, उत्तर दक्षिण नेपाल भारतको सिमानाबाट मटिहानी हुदै जनकपुर जाने आउने पक्की बाटो यति चार किल्ला भित्रमा नेपाल भारतको सिमानाबाट नेपाल तर्फ आउदै गरेको जिल्ला धनुषा मुखियापट्टी मुसहरनिया गा.पा.वडा नं.१ मुसहरनिया बस्ने योगेन्द्र साहको छोरा अं. वर्ष ३८ को संजय कुमार साहले हाकी चलाई आईरहेको TVS कम्पनीको **ई.नं.BG7BM2X01134, फ्रेम नं.MD626AG7XM2B01309** को पहेलो रंगको स्कुटरलाई रोकी चेकजाँच गर्ने क्रममा सो स्कुटीको सिट मुनि रहेको डिक्की खोली हेर्दा Rozzana besan लेखेको पहेलो हरियो रंगको सानो बोरा बांधेको अवस्थामा रहेको सो बोरा खोली हेर्दा नेपाली रु.१०००।-दरका १७८० थान र ५००।- दरका ४४०० थान नोटहरु जम्मा नेपाली रु. ३९,८०,०००।- (उनान्चालिस लाख असि हजार रूपैया) लुकाई छिपाई अवैध नगद फेला पारी प्रहरी टोलीले पक्राउ गरेको भन्ने बेहोराको जिल्ला प्रहरी कार्यालय जलेश्वर महोत्तरीमा खडा गरेको खानतलासी तथा बरामदी मुचुल्का।

२. जिल्ला प्रहरी कार्यालय जलेश्वर महोत्तरीबाट खटिएको प्रहरी टोलीले मिति २०७८।०३।०८ गते बिहान अ.८:०० बजेको समयमा नेपाल भारतको सिमानाबाट नेपाल तर्फ आउदै गरेको जिल्ला धनुषा मुखियापट्टी मुसहरनिया गा.पा.वडा नं.१ मुसहरनिया बस्ने योगेन्द्र साहको छोरा अं. वर्ष ३८ को संजय कुमार साहले हाकी चलाई आईरहेको TVS कम्पनीको **ई.नं.BG7BM2X01134, फ्रेम नं.MD626AG7XM2B01309** पहेलो रंगको स्कुटरलाई रोकी चेकजाँच गर्ने क्रममा सो स्कुटीको सिट मुनि रहेको डिक्की खोली हेर्दा Rozzana besan लेखेको पहेलो हरियो रंगको सानो बोरा बांधेको अवस्थामा रहेको सो बोरा खोली हेर्दा नेपाली रु.१०००।- दरका १७८० थान र रू. ५००।- दरका ४४०० थान नोटहरु जम्मा नेपाली रु. ३९,८०,०००।-(उनान्चालिस लाख असि हजार रूपैया) लुकाइ छिपाई अवैध नगद

फेला पारी बरामद गरी निज  मोटरसाइकल चालक संजय कुमार साहलाई पक्राउ गरी बरामद भएका श्रोत नखुलेका रकम सहित आवश्यक कारवाहीको लागी दाखिल गरेका छौं। कानून बमोजिम कारबाही गरी पाँउ भन्ने बेहोराको प्र.नि.बिक्रम साह समेतले मिति २०७८।०३।०८ गते जिल्ला प्रहरी कार्यालय महोत्तरीमा पेश गरेको प्रहरी प्रतिवेदन।

३. म संजय कुमार साह व्यापारी मान्छे हुँ।मेरो सुनचांदी दुकान छ, सुनचांदी खरिद विक्री गर्ने गर्छु, सुन चांदी विक्री गरेको पैसा बैंक जम्मा गर्न जाँदा पुलिसले रोकी चेकजांच गर्ने क्रममा यति धेरै पैसा कहाँ लाने भनेर रोक्यो र मटिहानी चौकीमा मलाई समेत ल्याएर राख्नु भयो र मैले सबै कुरा भन्दा भन्दै जिल्ला प्रहरीमा लिएर आउनु भयो।मेरो साथमा भएको जम्मा रु.३९,८०,०००।-(उनान्चालिस लाख असि हजार रूपैया) मटिहानी देखि जनकपुर पिडारी चोकमा रहेको एन आई सि एसिया बैंकमा जम्मा गर्न जादैं थिए।धेरै पैसा लिएर हिडे पनि उक्त पैसा दुई नम्बरी पैसा नभएकाले मलाई केही डर थिएन।उक्त रकम सुन चांदी बेचेर जम्मा गरेको पैसा हो।कारोबार मेरो नै नाममा दर्ता छ र वार्षिक ६० लाखको कारोबार थियो। कुनै पनि नागरिकले रू. ५०००।- भन्दा बढि आफ्नो साथमा लिएर हिड्न नहुने कुरा मलाई थाहा भएन।यति धेरै पैसा किन राखेको भन्ने सवालमा कोरोनाको कारण बैंक बन्द, बाटो बन्द, गाडी बन्द भएकोले आफूसँग राखेको हुँ र यस्तो रकम भन्सार अधिकृत समक्ष घोषणा गर्नुपर्छ भन्ने मलाई थाहा नभएको भन्ने बेहोराको प्रतिवादी संजय कुमार साहले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान।

४. यसमा अनुसन्धान टुंगो नलागेसम्म वा छानविन समाप्त नभएसम्म भन्सार ऐन,२०६४ को दफा ५७(१) अनुसार दाखिला भएको मालवस्तुको विगो वापतको रु.३९,८०,०००।- र कैद वापतको धरौटी रकम रु.२७,०००।- गरी जम्मा रु.४०,०७,०००।- आरोपित व्यक्ति संजय कुमार साहबाट नगद धरौटी माग गर्नू। विगो वापतको रकम बुझाएमा उक्त धरौटी कानून अनुसार दाखिला गर्न लगाई सोही ऐनको दफा ४१(१) अनुसार साधारण तारेखमा राख्नु या धरौटी नबुझाएमा ऐ.ऐनको दफा ४१(२) बमोजिम निजलाई हिरासतमा पठाइदिनू, दाखिला हुन आएका नगद नेपाली रु.४०,०७,०००।- राजस्व धरौटी खातामा आम्दानीमा बाँध्नू, मोटरसाईकलको हकमा कानून बमोजिम गर्नू भन्ने बेहोराको मिति २०७८।०३।०८ गते जलेश्वर भन्सार कार्यालय महोत्तरीका भन्सार अधिकृत गुणराज सुवेदीबाट भएको आदेश।

५. जलेश्वर भन्सार कार्यालय महोत्तरीले च.नं.१०७४ मिति २०७८।०३।१८ मा भन्सार अधिकृत श्री डिल्लीराम सुवेदीलाई अनुसन्धान अधिकृत तोकिएको पत्र।

६. प्रहरी प्रतिवेदनमा लेखिएको अभियुक्त संजय कुमार साहले चलाई आईरहेको TVS कम्पनीको ई.नं.BG7BM2X01134, फ्रेम नं.MD626AG7XM2B01309 पहेलो रंगको

स्कुटरलाई रोकी चेकजाँच गर्ने क्रममा सो स्कुटीको सिट मुनि रहेको डिक्की खोली हेर्दा Rozzana besan लेखेको पहेलो हरियो रंगको सानो बोरा बांधेको अवस्थामा रहेको सो बोरा खोली हेर्दा नेपाली रु.१०००।- दरका १७८० थान र ५००।-दरका ४४०० थान नोटहरु जम्मा नेपाली रु. ३९,८०,०००।- (उनान्चालिस लाख असि हजार रूपैया) लुकाइ छिपाई अवैध नगद फेला पारी बरामद गरी भयो र उक्त रकमको स्रोत खुलेको पनि देखिन आएन। रु.५०००।- भन्दा बढी रकम साथमा लिन कानून बमोजिम भन्सार घोषणा गरेर मात्र ओसार पसार गर्न पाइने व्यवस्था छ।निजले भन्सार अधिकृतसंग अनुमति लिएको समेत देखिदैन,जिल्ला प्रहरी कार्यालय महोत्तरीले बरामद गरी पेश गरेका नेपाली रुपैया रु.३९,८०,०००।- र सो कामका लागि प्रयोग भएको सवारी साधन मोटरसाइकल जफत गरी सो को विगो रु.३९,८०,०००।-एक महिना देखि तीन महिना कैद सजाय हुने गरी माग दावी सहित मुद्धा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्न मनासिव देखि पेश गरेको भन्ने मिति २०७८।४।११ गते अनुसन्धान अधिकृत डिल्लीराम सुवेदीले जिल्ला सरकारी वकील कार्यालय महोत्तरीमा पेश गरेको प्रतिवेदन ।

७. जिल्ला प्रहरी कार्यालय महोत्तरीले बरामद गरी जलेश्वर भन्सार कार्यालयमा पेश गरेका नेपाली रुपैया रु.३९,८०,०००।-र बरामद गरिएको रकम बमोजिमको विगो रु.३९,८०,०००।- बराबर जरिवाना गरी उक्त बरामदी रकम रु.३९,८०,०००।- र सो कामका लागि प्रयोग भएको सवारी साधन मोटरसाइकल जफत गरी अवैध स्रोत विनाको नेपाली रुपैया जफत गरी भन्सार ऐन,२०६४ को दफा ५७(१ग) को खण्ड(क) बमोजिमको कसूर गरेकाले विगो रकम रु.३९,८०,०००।- र जरिवाना गरी एक देखि तीन महिनासम्म कैद सजाय हुने गरी मागदावी सहित जलेश्वर भन्सार कार्यालय मालिवाडा, महोत्तरीमा मुद्धा चलाउने गरी जिल्ला सरकारी वकील कार्यालय महोत्तरीका जिल्ला न्यायाधिवक्ता श्री यादव प्रसाद पौडेलबाट भएको राय सहितको मिति २०७८।०५।१७ को निर्णय ।

८. प्रतिवादी संजय साह भन्ने संजय कुमार साहले गरेको कार्य भन्सार ऐन, २०६४ को दफा ५७(१) को उपदफा (१ग) खण्ड (ख) बमोजिमको कसूर रहेकोले विगो रकम रु.३९,८०,०००।- बमोजिम जरिवाना गरी एक महिना देखि तीन महिना सम्म कैद सजायको माग दावी सहित मुद्दा हेर्ने अधिकारी समक्ष मिति २०७९।०३।२१ मा दायर गरेको अभियोग-पत्र।

९. भन्सार कार्यालयमा प्राप्त हुन आएका स्रोत नखुलेका नेपाली नगद रुपैया भन्सार ऐन,२०६४ को दफा ५७(१) र सम्पत्ति शुद्धिकरण निवारण ऐन,२०६४ को परिच्छेद ६क.का दफाहरु आर्कषित भै सोही बमोजिम गर्नुपर्ने देखिन आयो।भन्सार ऐन, २०६४

को परिभाषा खण्ड (ल) मा मालवस्तु भन्नाले मुद्रा लगायत जुनसुकै प्रकारको चल वस्तु वा सम्पत्ति सम्झनु पर्दछ भन्ने भएकोले र सम्पत्ति शुद्धीकरण ऐनको दफा २९(घ) अनुसार मुद्रालाई पनि प्रचलित कानून अनुसार मालवस्तु मानिने कुरा उल्लेख भए अनुसार उक्त ऐनको परिच्छेद ६क. अन्तर्गतका क्रियाकलाप पनि भन्सार ऐन, २०६४ अनुसार नै लागु गर्नु पर्ने देखियो ।कुनै सम्पत्ति आफुले जे जस्तो व्यापार, व्यवसाय वा अन्य कुनै व्यक्तिबाट प्राप्त गरेको हुँ भन्ने पक्षले बस्तुनिष्ठ प्रमाणबाट प्रमाणित गर्नु पर्दछ। आफ्नो आर्थिक अवस्थाको श्रोत कहाँबाट आर्जन गरेको हो भन्ने कुरा प्रमाणित आफैले गर्नु पर्ने कानुनी दायित्व रहेको हुन्छ। प्रतिवादीबाट अस्वभाविक देखिने बरामदित उक्त रुपैया वैध श्रोतबाट प्राप्त भएको हो भनी आफुले आर्जन गरेको श्रोत देखाउनु पर्ने कानुनी दायित्व पनि प्रतिवादीमा रहने देखिन आयो तर फगत जिकिर बाहेक आफ्नो भनाईको पुष्टी गर्न सक्ने कुनै तथ्ययुक्त प्रमाणहरु प्रतिवादीबाट पेश हुन सकेको नदेखिँदा निजबाट कसूर भएन भनि मान्न मिल्ने अवस्था देखिएन। अभियुक्तले कोरोनाका कारण बैंकमा पैसा जम्मा गर्न नसकेको भन्नु बहाना मात्र हो र पैसा राख्न नजिकको बैंक छोडेर टाढाको बैंक तर्फ जानुले पनि सो कुरा बाहाना हो भन्ने पुष्टी हुन आउँछ। उल्लेखित तथ्य र कानूनको विश्लेषणको आधारमा प्रतिवादीलाई भन्सार ऐन,२०६४ को दफा ५७(१) अनुसारको कसूर गरेकोले सोही दफाको उपदफा (१ग) बमोजिम विगो रकम रु.३९,८०,०००।- र सो काममा प्रयोग भएको सवारी साधन मोटरसाइकल जफत गरी बिगो बमोजिमको रकम जरिवाना गरी सोही ऐनको दफा ५७ उपदफा (१ग) खण्ड (ख) अनुसार निजलाई हदैसम्मको ३ महिना कैद सजाय हुने ठहर्छ भन्ने समेत बेहोराको जलेश्वर भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत अमित पौडेलद्वारा मिति २०७९।०३।३१ मा भएको फैसला।

१०. म सुन चांदी व्यवसायी हुँ। कोभिडका कारण बैंकमा जम्मा गर्न नपाईएको, नेपाली भएर नेपालकै सिमाभित्र बोकी हिडेको सुन चांदी कारोबारबाट आर्जित रकम बैंकमा जम्मा गर्न लाने क्रममा अवैद्य रकम भनी प्रहरीबाट म लगायत मेरो मोटरसाईकल र उक्त नगद रु.३९,८०,०००।- जफत गरिनु अन्यायपूर्ण छ। आफ्नो कारोबारबाट आर्जित रकम नेपाल सरहदभित्रै आफ्नो कर्जा बापतको रकम श्री एन आइ सी एसिया बैंकमा चुक्ता गर्नका लागि त्यस बैंक तर्फ जाँदा कुनै अपराध गरेको भन्न मिल्दैन। म बोर्डरमा आर पार गर्ने व्यक्ति पनि होइन र त्यस्तो गरेको पनि छैन। स्थायी लेखा नम्बर लिएर आफ्नो व्यवसाय गरी आएको, आफ्नै मोटरसाइकलमा व्यापार व्यवसायको रकम नगद लिएर जानुलाई लुकाएर लगेको भनि चोरी पैठारी गरेको कसूरदार ठहर गरि भन्सार

कार्यालयबाट भएको निर्णय बदर गरी सफाई पाँउ भन्ने समेत बेहोराको संजय कुमार साहले मिति २०७९।०४।३१ मा यस न्यायाधिकरणमा दायर गरेको पुनरावेदन पत्र।

११. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४० को उपदफा (३) बमोजिम छलफल प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९।१०।०६ मा भएको आदेश।

## ठहर खण्ड

१२. नियम बमोजिम दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदनपत्र एंव प्राप्त सुरु मिसिल समेत अध्ययन गरी पुनरावेदक प्रतिवादी तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिबक्ता श्री शम्भु थापा र विद्वान अधिवक्ता श्री शिव प्रसाद कोइरालाले प्रतिवादी संजय कुमार साहले आफ्नो सुन चांदीको कारोबारबाट आर्जित रकम श्री एन आइ सी एसिया बैंकमा रहेको निजको कर्जा चुक्ता गर्न जाने क्रममा अवैध रुपमा स्रोत नखुलेको पैसा लुकाई छिपाई चोरी पैठारी गरी ल्याएको भनी प्रमाणको उचित मुल्यांकन नगरी शुरु भन्सार कार्यालयबाट हचुवाको भरमा गरेको निर्णय कानून सम्मत नभएको हुँदा शुरु कार्यालयको निर्णय बदर गरी प्रतिवादीले सफाई पाउनुपर्छ भनी गर्नुभएको बहस समेत सुनियो।

१३. प्रत्यर्थी वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकील कार्यालय काठमाडौका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले प्रतिवादीले रकमको स्रोत नखुलाई लुकीछुपी कारोबार गरेको देखिन्छ। व्यापार व्यवसाय गर्न घरबाट रकम ल्याई बैंक तर्फ जम्मा गर्न गएको भनी बयान गरेतापनि ठूलो मात्राको नेपाली रुपैया स्रोत नै नदेखाई भारतबाट नेपाल ल्याएको र भन्सारमा घोषणा नगरेको कार्य कानून विपरितको कसूर भएको देखिंदा शूरु कार्यालयबाट गरेको निर्णय मनासिव हुंदा सदर हुनुपर्छ भन्ने समेत जिकिर लिई बहस प्रस्तुत गर्नुभयो।

१४. उपर्युक्त बमोजिमको तथ्य एंव पुनरावेदन जिकिर रहेको प्रस्तुत मुद्दामा पुनरावेदक तर्फका विद्वान कानून व्यवसायी तथा प्रत्यर्थी वादी तर्फका विद्वान सहायक न्यायाधिवक्ताले गर्नुभएको बहस जिकिरलाई समेत दृष्टिगत गरी हेर्दा, यसमा शुरु जलेश्वर भन्सार कार्यालयको निर्णय मिलेको छ वा छैन ? सफाई पाउ भन्ने पुनरावेदकको जिकिर पुग्न सक्ने हो वा होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१५. निर्णय तर्फ विचार गर्दा, प्रतिवादी संजय साह भन्ने संजय कुमार साह उपर भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१) को कसूरमा सोही दफाको उपदफा (१ग) को खण्ड (क) अनुसारको बिगो र सो कसूरमा प्रयोग भएको स्कूटर जफत गरी बिगो

बमोजिमको जरिवाना रु, ३९,८०,०००।- (उनान्चालिस लाख असी हजार रूपैयाँ) र तीन महिनासम्म कैद सजाय गरी पाउँ भन्ने समेत अभियोग माग दावी सहित मुद्दा हेर्ने अधिकारी समक्ष मिति २०७९।०३।२१ मा अभियोग पत्र दायर भएको देखियो। जिल्ला प्रहरी कार्यालय महोत्तरीबाट खटिई गएको प्रहरी टोलीले जिल्ला जलेश्वर मटीहानी न.पा.वडा नं.८ स्थित पूर्वमा बब्लु साहको आप बगैंचा,पश्चिममा श्री नारायण मण्डलको कच्ची घर,उत्तर दक्षिण नेपाल भारतको सिमानाबाट मटिहानी हुदै जनकपुर जाने आउने पक्की बाटो यति चार किल्ला भित्रमा नेपाल भारतको सिमानाबाट नेपाल तर्फ आउदै गरेको जिल्ला धनुषा मुखियापट्टी मुसहरनिया गा.पा.वडा नं.१ मुसहरनिया बस्ने योगेन्द्र साहको छोरा अं. वर्ष ३८ को संजय कुमार साहले हाकी चलाई आईरहेको TVS कम्पनीको ई.नं.BG7BM2X01134, फ्रेम नं.MD626AG7XM2B01309 को पहेलो रंगको स्कुटरलाई रोकी चेकजाँच गर्ने क्रममा सो स्कुटीको सिट मुनि रहेको डिक्की खोली हेर्दा Rozzana besan लेखेको पहेलो र हरियो रंगको सानो बोरा बांधेको अवस्थामा रहेको सो बोरा खोली हेर्दा नेपाली रु.१०००।- दरका १७८० थान र रू.५००।- दरका ४४०० थान नोटहरु जम्मा नेपाली रु.३९,८०,०००।- (उनान्चालिस लाख असि हजार रूपैया) लुकाई छिपाई अवैध नगद फेला पारी निज अभियुक्त संजय कुमार साहलाई प्रहरी टोलीले पक्राउ गरी ईलाका प्रहरी कार्यालय महोत्तरीले खडा गरेको चार किल्ला सहितको बरामदी/खानतलासी मुचुल्का तयार गरी प्रस्तुत मुद्दाको उठान भएको देखिन आयो।मौकामा अनुसन्धान अधिकृत समक्ष बयान गर्दा प्रतिवादी संजय कुमार साहले आफ्नो सुन चांदी कारोबारको रकम जम्मा गर्न बैंक जादै गरेको अवस्थामा प्रहरीले बाटोमा पक्राउ गरी ल्याएको, यस्तो रकम भन्सार अधिकृत समक्ष घोषणा गर्नुपर्ने थाहा नभएको भनी कसूरमा इन्कार रही बयान गरेको देखिन्छ।प्रतिवादी उपर भन्सार ऐन,२०६४ को दफा ५७(१) बमोजिमको कसूरमा सोही दफा ५७ को उपदफा (१ग) को खण्ड (ख) बमोजिमको सजायको मागदावी लिई अभियोगपत्र दायर गर्न सरकारी वकीलबाट मिति २०७८।५।१७ मा निर्णय सहितको राय दिएकोमा करिव १० महिना विलम्व गरी मिति २०७९।०३।२१ मा मात्र अभियोग पत्र दायर भएको मिसिलबाट देखियो।

१६. भन्सार ऐन, २०६४ को दफा ५७ ले एक करोड रुपैयाँ सम्मको विगो भएको भन्सार चोरी निकासी वा पैठारी मुद्दा हेर्ने अधिकार भन्सार अधिकृतको हुने कानूनी व्यवस्था गरेको र सोही ऐनको दफा ८६ मा "यस ऐनको प्रयोजनको लागि भन्सार अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरु पेश गर्न

लगाउने र मुद्दाको पुर्पक्ष गर्ने सम्बन्धमा प्रचलित कानून बमोजिम शुरु अदालतलाई भए सरहको अधिकार हुनेछ" भन्ने व्यवस्था गरेको देखियो ।

१७. नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको कारवाही र किनारा गर्ने अधिकार रहेको न्यायिक वा अर्धन्यायिक निकायले मुद्दाको कारवाही, सुनुवाई र किनारा गर्दा फौजदारी न्यायका मान्य सिद्धान्तको अक्षरश परिपालना गर्नुपर्दछ। कुनै पनि व्यक्ति उपर अभियोग पत्र दर्ता हुन आएमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १२१ बमोजिम अभियुक्तलाई अभियोग सुनाउनुपर्ने र दफा १२२ बमोजिम त्यस्तो अभियोग उपर निजको के भनाई छ सोधी निजको बयान अभिलेख गर्नुपर्ने बाध्यात्मक कानूनी व्यवस्था गरिएको देखिन्छ। बयानको क्रममा अभियुक्तले आफ्नो निर्दोषिता पुष्टि गर्ने कुनै प्रमाण पेश गरेमा त्यस्तो प्रमाण बुझी परीक्षण समेत गर्नुपर्ने हुन्छ ।

१८. प्रस्तुत मुद्दामा अभियोग पत्र साथ प्रतिवादी संजय साह भन्ने संजय कुमार साहलाई मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराइएकोमा निजलाई अभियोगपत्र सुनाएको वा मुद्दा हेर्ने अधिकारी समक्ष बयान गराएको समेत मिसिल संलग्न कागजबाट देखिन आएन। बयान नै नलिए पछि प्रतिवादीले आरोपित कसूर विरुद्ध निर्दोषिताको प्रमाण पेश गर्ने आधारभूत न्यायिक अधिकारबाट समेत बन्चित भएको देखियो। जिल्ला सरकारी वकील कार्यालयको राय सहित मिति २०७९।०३।२१ मा अभियोग पत्र दर्ता भए पनि प्रतिवादीको मुद्दा हेर्ने अधिकारी समक्ष बयान लिई मुद्दामा कानूनी प्रक्रिया अघि बढाउनु पर्नेमा सो सम्बन्धमा कुनै कानूनी प्रक्रिया पुरा गरेको देखिदैन।अभियोग पत्रमा वादी नेपाल सरकारले पेश गरेको गवाह, देख्ने सुन्ने साक्षीको बकपत्र गराएको समेत पाइदैन। मुद्दामा प्रमाण बुझ्ने लगायतको कुनै कारबाही नै नगरी अभियोग पत्र दायर भएको १० दिनमा यी पुनरावेदक प्रतिवादीलाई आरोपित कसूरमा कसूरदार ठहऱ्याई कैद र जरिवाना समेतको सजाय गरेको देखिन आयो।

१९. यसरी भन्सार ऐन, २०६४ को दफा ८६ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को परिच्छेद १३ बमोजिम बाध्यात्मक रुपले पालना गर्नुपर्ने मुद्दा हेर्ने अधिकारीले प्रतिवादीको बयान लिने, वादी प्रतिवादीले पेश गरेका प्रमाण बुझ्ने, आधार र कारण सहित न्याय निरोपण गर्ने सम्बन्धमा कानूनको उचित प्रक्रिया (due process of law) अबलम्बन गरी स्वच्छ र निष्पक्ष रुपमा न्याय सम्पादन गर्नुपर्नेमा सो कुनै कुरा प्रस्तुत मुद्दामा गरेको नदेखिंदा स्वच्छ कानुनी प्रक्रिया पालना नगरी प्रतिवादीलाई कसूरदार ठहर गरी भएको शुरु जलेश्वर भन्सार कार्यालयको मिति २०७९।३।३१ को निर्णयलाई न्यायोचित र कानून सम्मत मान्न नमिलेकोले बदर गर्नुपर्ने अवस्था देखियो।

२०. यस स्थितिमा अभियोग मागदावी सम्बन्धमा प्रतिवादीलाई जानकारी गराई, मुद्दा हेर्ने अधिकारी समक्ष प्रतिवादीको बयान लिने, प्रमाण दाखिला गराउने वा अरु जो जे बुझ्नु पर्छ बुझी कानूनको उचित प्रक्रिया पुरा गरी स्वच्छ र निष्पक्ष रुपमा कारबाही र सुनुवाई गरी आधार र कारण सहित पुनः निर्णय गर्नु भनि राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(२) तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४४(१) बमोजिम शुरु जलेश्वर भन्सार कार्यालयमा मिसिल पठाउनु पर्ने देखिन आयो।

२१. तसर्थ, माथि विवेचित आधार र कारणबाट प्रतिवादी संजय साह भन्ने संजय कुमार साहलाई भन्सार ऐन, २०६४ को दफा ५७(१) को कसूरमा कसूरदार ठहर गरी विगो रु.३९,८०,०००।- र स्कूटर जफत गरी निजलाई सोही ऐनको दफा ५७(१ग) बमोजिम रु.३९,८०,०००।- जरिवाना र तीन महिना कैद हुने गरी जलेश्वर भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृतबाट मिति २०७९।३।३१ मा फैसला गर्दा भन्सार ऐन, २०६४ को दफा ८६ र कानूनको उचित प्रक्रिया (Due process of law) सम्बन्धी गम्भिर त्रुटी गरेको देखिंदा उक्त फैसला बदर गरिदिएको छ। अब प्रतिवादीको मुद्दा हेर्ने अधिकारी समक्ष बयान लिई निजले कुनै निर्दोषिताको प्रमाण पेश गरेमा सो प्रमाण र अभियोजन पक्षले अभियोगपत्रमा पेश गरेको साक्षी समेत बुझी कानूनको उचित प्रक्रिया पुरा गरी मुद्दामा कारवाही गरी आधार र कारण सहित पुनः निर्णय गर्नु भनी प्रतिवादीलाई सुरू जलेश्वर भन्सार कार्यालयको तारिख तोकी मिसिल समेत पठाइदिने ठहर्छ ।अरु तपसिल बमोजिम गर्नू।

## <u>तपसिल खण्ड</u>

१. माथि ठहर खण्डमा लेखिए बमोजिम शुरु जलेश्वर भन्सार कार्यालयबाट मिति २०७९।०३।३१ मा भएको निर्णय बदर भएकोले यो फैसला सहितको मिसिल प्राप्त भई प्रतिवादी उपस्थित भएपछि तत्काल निज प्रतिवादीको बयान लिई निजले कुनै निर्दोषिताको प्रमाण पेश गरेमा सो प्रमाण र अभियोजन पक्षले अभियोगपत्रमा पेश गरेको साक्षी समेत बुझी कानूनको उचित प्रक्रिया पुरा गरी मुद्दामा कारवाही गरी आधार र कारण सहित पुनः निर्णय गर्नु भनी यो फैसला सहितको शुरु मिसिल समेत जलेश्वर भन्सार कार्यालय, जलेश्वरमा पठाई दिनू ।

२. माथी ठहर खण्डमा लेखिए बमोजिम शुरु फैसला बदर भएकोले फैसलाको तपसिल खण्डमा लेखिएको जरिवाना असुल गर्ने र स्कूटर लिलाम गर्ने गरी राखिएको लगत कट्टा गर्नु भनी शुरु जलेश्वर भन्सार कार्यालयलाई लेखि पठाइदिनू।

३.	यो फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी विशेष सरकारी वकीलको कार्यालय काठमाडौंलाई पठाइदिनू ।

४.	प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू ।

५.	सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिइ नियमानुसार प्रतिलिपी दिनू ।

६.	प्रस्तुत पुनरावेदन दायरीको लगत कट्टा गरी रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ ।

बासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
इजलाश अधिकृतः-सरिता रिजाल
फैसला टाईप ना.सु:- मनिषा अधिकारी
फैसला भएको मितिः-२०७९।१२।३०।५
फैसला प्रमाणिकरण गर्ने लेखा सदस्यः-
फैसला प्रमाणिकरण मितिः

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप